राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ भदौ ४ गते

# प्राकृतिक प्रकोप पीडितहरूका लागि व्यवस्थित बसोबास, खाद्यान्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्यको सुनिश्चितता गर

विगत केही समयदेखिको अविरल वर्षाका कारण सिन्धुपाल्चोक, खोटाङ, बाँके, बर्दिया, सुर्खेत, दाङ, कैलाली, जाजरकोट, सिरहा, रौतहटलगायतका जिल्लामा बाढी र पहिरोका कारण विभिन्न गाउँहरू डुवानमा परेको, सयौंको मृत्यु भएको तथा डुवानमा परेका गाउँका बासिन्दाहरू बिचल्लीमा परेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

पूर्वाञ्चलको मोरङ, सिरहा; मध्यमाञ्चलको रौतहट, धनुषा, महोत्तरी, सिन्धुली; पश्चिमाञ्चलको गोरखा, मध्यपश्चिमाञ्चलको बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जाजरकोट तथा सुदूर पश्चिमाञ्चलको कैलाली, बाजुरालगायतका जिल्लाहरूमा बाढीपहिरो जाँदा भएको धनजनको क्षति तथा जनजीवनमा परेको प्रभाव सम्बन्धमा आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट अनुगमन भइरहेको छ ।

प्राप्त आँकडाअनुसार सिन्धुपाल्चोक जिल्लाको माङ्खा र राम्चेको पहिरोमा परी १५६ जनाको मृत्यु भएको तथा ४७८ परिवार विस्थापित भएको, बाढीपहिरो तथा डुवानबाट बढी प्रभावित बाँके, बर्दिया, सुर्खेतलगायतका जिल्लाहरूमा विगत एकसाता यता १०५ जनाको मृत्यु भएको, १३६ जना बेपत्ता भएको, ४२ जना घाइते भएको, २० हजार २३९ परिवार विस्थापित भएको, ११ हजार ५८४ घर डुवानमा परेको र प्रभावितहरूको उद्धार तथा खाद्यसामाग्रीहरु वितरण भइरहेको बुझिएको छ ।

बाढीग्रस्त स्थानहरूमा ज्वरो, झाडापखाला, रुघाखोंकी, छालामा संक्रमण हुने, आँखा पाक्ने लगायतका सरुवा रोग देखापरेको पाइएको छ । ती क्षेत्रमा केही सुत्केरी र गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूले बढी कष्ट भोग्नुपरेको छ । बाढीपीडितहरूलाई खाद्यान्न, बसोबास, स्वास्थ्य सेवा, लत्ताकपडालगायत अत्यावश्यक वस्तु तथा सेवाहरूका बन्दोबस्त हुन नसक्दा उनीहरू गाँसबास, कपास, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक सेवाबाट बञ्चित हुनुपरेको छ ।

बाढीले सडक तथा झोलुङ्गे पुल बगाउँदा विभिन्न जिल्ला तथा गाउँहरुबीच आवतजावतमा अवरोध पुग्नुका साथै खाद्यान्न, औषधिलगायतका राहत सामग्रीहरू आपूर्तिमा समस्या आएको एवम् विद्युत तथा सञ्चारसेवा अवरुद्ध भएको पाइएको छ । केही स्थानमा पहिरोले पिउने पानीको भौतिक संरचनामा पुर्‍याएको क्षतिबाट पिउने पानीको अभाव भएको छ । बाढी तथा डुवान प्रभावित क्षेत्रका बासिन्दाहरूको समयमै उद्धार हुन नसकेको, हालसम्म पनि प्रभावकारी उद्धार कार्य हुन नसकोले जङ्गललगायतका क्षेत्रमा भोकै बस्नुपरिरहेको, प्रभावकारी रूपमा खाद्यान्न तथा लत्ताकपडा वितरण हुन नसकेको प्रकोप पीडितहरूको गुनासो छ ।

अत: प्राकृतिक प्रकोप घरबारविहीन भएका तथा उच्च जोखिममा परेका सबैको पुनर्वास, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यकीय सेवाहरूको उचित प्रबन्ध मिलाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

बाढीप्रभावित क्षेत्रमा महामारी फैलन सक्ने अवस्थातर्फ सतर्क रही आवश्यक व्यवस्था मिलाउन एवम् महामारीका संकेत देखिएका स्थानहरुमा स्वास्थ्य टोलीहरू परिचालन गर्न पनि आग्रह गर्दछ । साथै, प्राकृतिक प्रकोपबाट हरेक वर्ष हुने गरेको यसप्रकारको संकट न्यून गर्न प्राकृतिक प्रकोपको जोखिम क्षेत्र पहिचान गरी सावधानीका आवश्यक उपायहरू अवलम्बन गर्न तथा स्थायी उद्धारगृह निर्माण गरी राहत सामग्रीहरूको व्यवस्थित वितरण गर्नेतर्फ ध्यान दिनसमेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव